## बैठक नं. - पन्ध्रौं
## मितिः २०७४।११।३० गते बुधबार

**निर्णयहरु :**

**निर्णय नं. १,**

प्रस्ताव नं. १ मा ब्यापक छलफल गर्दा यस मुसीकोट नगरपालिकाको तर्फबाट त्यस स्यार्पू पावर कम्पनी लि.मा कम्पनीको प्रति शेयर रु. १००/- का दरले ३०,००० थान संस्थापक साधारण शेयर लगानी गरि जलबिद्युत उत्पादन, प्रशारण एबं बितरण गर्न उत्सुक भएको हुदाँ यस कार्यालयबाट उक्त संस्थापक साधारण शेयरमा प्रति शेयर रु. १००/- का दरले ३०,००० थान बराबर रु. ३०,००,०००/- (अक्षरुपी तिस लाख रुपैयाँ मात्र) लगानी गर्ने निर्णय सर्बसम्मत रुपले पारित गरियो ।

**निर्णय नं. २,**

प्रस्ताव नं. १ मा ब्यापक छलफल गर्दा त्यस स्यार्पू पावर कम्पनी दर्ता गर्नको लागि यस मुसीकोट नगरपालिकाको तर्फबाट सहिछाप गर्नका लागि प्रतिनीधिका रुपमा यस मुसीकोट नगर कार्यपालिकाका सदस्य श्री शुसिल गौतमलाई अख्तियारीका साथ अनिवार्य हस्ताक्षर र कम्पनीको छाप लगाई उक्त कम्पनीको शेयरमा लगानी गर्ने गरि प्रतिनीधिको रुपमा पठाउने निर्णय सर्बसम्मत रुपले पारित गरियो ।

**निर्णय नं. ३,**

प्रस्ताव नं. ३ मा ब्यापक छलफल गर्दा यस मुसीकोट नगरपालिकामा ल्याब टेष्ट सम्बन्धीको स्वास्थ्य चौकी स्थापना गर्न तत्काल ल्याब सामाग्री खरिद गर्नु पर्ने भएकोले त्यसका लागि कम्तीमा ३ वटा ल्याब कम्पनीबाट बढिमा १५ दिने कोटेसन माग गर्ने र सो अबधीभित्र पेश भएका कम्पनी मध्येको सबैभन्दा सस्तो दररेटमा प्राप्त कोटेसनका आधारमा ल्याबको सामाग्री खरिद गर्ने निर्णय सर्बसम्मत रुपले पारित गरियो ।

**निर्णय नं. ४,**

प्रस्ताव नं. ४ बिबिध सम्बन्धमा छलफल गर्दा ल्याब टेष्ट सम्बन्धीको स्वास्थ्य चौकी संञ्चालन गर्नका लागि ल्याब सामाग्री खरिद गरि जडानसँगै कम्तीमा २ जना ल्याब टेक्निसियन करारमा नियुक्ति गर्ने र त्यसको सम्पूर्ण ब्यबस्थापनका लागि नगर प्रमुखलाई अख्तियारी दिने निर्णय सर्बसम्मत रुपले पारित गरियो ।